# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२) मङ्सीर २०७१, अङ्क-४

## यस अङ्कभित्र

पेज १. दिगो विकासका लागि शिक्षा युनेस्को विश्व सम्मेलन: एक अनुभव ! (चित्रलेखा यादव, माननीय शिक्षा मन्त्री)
शिक्षाले ज्ञान, सिप तथा मूल्य मान्यताको निर्धारण गर्दछ ! (डा. योको इसीदा, सिसम-२ परियोजना टोली प्रमुख)

पेज २-३. पाँचै विकास क्षेत्रमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधि सम्बन्धी क्षमता अभिवृद्धिका लागि सञ्चालित क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षणको प्रतिविम्बहरू !

पेज ४. जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणको समय तालिका ! आगामी दिनका गतिविधिहरू !





## दिगो विकासका लागि शिक्षा युनेस्को विश्व सम्मेलन: एक अनुभव

*- चित्रलेखा यादव*
*माननीय शिक्षा मन्त्री*

युनेस्कोद्वारा यही २४-२६ कार्तिकमा जापानमा आयोजित "दिगो विकासका लागि शिक्षा विश्व सम्मेलन" मा म सहभागी भएकी थिएँ । उक्त सम्मेलनमा विश्वभरिका एक हजार सहभागीहरूले भाग लिएका थिए ।



*सम्मेलनमा माननीय शिक्षा मन्त्री चित्रलेखा यादव*

यसै सम्मेलनमा कार्तिक २४ गते जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले "दिगो विकासका लागि शिक्षाको सफलतामा अनुकूल वातावरणको सृजना: एशिया तथा अफ्रिकी मुलुकका अभ्यास र विद्यालयमा आधारित व्यवस्थापन" विषयक एक पूरक कार्यक्रमको आयोजना गरेको थियो । जाइकाको पूरक कार्यक्रममा एक सदस्यको हैसियतले, मैले विद्यालयमा आधारित व्यवस्थापनको दिगोपनाका लागि हामीले गरेका प्रयासहरूका बारेमा सहभागीहरूलाई (विश्वका ६०-७० शिक्षाविद्) जानकारी गराउने अवसर पाएकी थिएँ । । सो कार्यक्रमलाई सम्वोधन गर्ने क्रममा मैले विशेषगरी शिक्षण र सिकाइ वातावरणको सुधारका लागि विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहने कुरामा जोड दिएकी थिएँ, जसलाई विभिन्न विद्यालयहरूले विद्यालयमा आधारित व्यवस्थापनमा क्षमता विकास सम्बन्धी सम्पन्न गरेका विभिन्न क्रियाकलापहरूले प्रमाणित गरी सकेका छन् । उदाहरणको रूपमा सिसम-२ परियोजना विगतका केही वर्षहरूदेखि नेपालमा सञ्चालित छ ।

यसैगरी, कार्तिक २७ गते जाइकाले आयोजना गरेको नागोया सहरका केही विद्यालय र विश्व विद्यालयहरूको भ्रमणमा पनि म सहभागी भएकी थिएँ जहाँ मैले त्यहाँका विद्यार्थी तथा शिक्षकहरूसँग शिक्षा तथा संस्कृतिका विषयमा जानकारीहरू आदान-प्रदान गर्ने अवसर पाएँ ।

अन्त्यमा, यस सम्मेलनमा सहभागी हुने अवसर जुटाई दिएकोमा म युनेस्को तथा जाइकालाई धन्यवाद दिन चाहन्छु ।

यसैगरी, सिसम-२ को प्रयासको सराहना गर्दै, नेपाली बालबालिकाहरूका लागि राम्रो शिक्षण र सिकाइ वातावरण प्रदान गरी आधारभूत शिक्षालाई अझ सबल र विद्यालयमा आधारित व्यवस्थापनलाई दिगो बनाउनका लागि, म सबै सरोकारवालाहरूलाई सहकार्यमा थप सुदृढीकरण गर्दै अगाडि बढ्नका लागि अनुरोध गर्दछु ।

## शिक्षाले ज्ञान, सिप र मूल्य मान्यताको निर्धारण गर्दछ

*डा. योको इसीदा*
*सिसम-२ परियोजना टोली प्रमुख*

"दिगो समाज निर्माणको लागि आवश्यक ज्ञान, सिप र मूल्य मान्यता शिक्षाले निर्धारण गर्दछ" यो सन्देश युनेस्कोका महानिर्देशक इरिना बोकोभाले युनेस्को विश्व सम्मेलनको सुरूमा दिनुभएको थियो । संयुक्त राष्ट्र संघको "दिगो विकासको लागि शिक्षा दशक २००५-२०१४" ले दिगो विकासको सैद्धान्तिक र व्यवहारीक पक्षलाई शिक्षा र सिकाइको सम्पूर्ण पक्षसँग एकीकृत गर्ने उद्देश्य राखेको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले युनेस्कोको "दिगो विकासको लागि शिक्षा" विश्व सम्मेलनको अवसरमा समुदायमा आधारित विद्यालय व्यस्थापनका विषयमा एक पूरक प्राज्ञिक भेलामा व्यक्त सन्देशसहित माननीय शिक्षा मन्त्री चित्रलेखा यादवको परिचय गराएको थियो । उक्त कार्यक्रममा नेपालको "विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना" (सिसम-२) र नाइजरको "सबैको लागि शिक्षा" जस्ता सफल कार्यक्रम तथा सिकाइहरूको वारेमा अन्तरक्रिया गरिएको थियो । जाइकाद्वारा प्रायोजित यस कार्यक्रममा समुदायमा आधारित विद्यालय व्यवस्थापनपश्चात शिक्षाको विकास र सिकाइमा सुधारसम्बन्धी प्राप्त गरेका सफलताहरूको आदान प्रदान गर्ने अवसर प्राप्त भएकाले, युनेस्को विश्व सम्मेलनका सहभागीहरूको सक्रिय सहभागितामा यो कार्यक्रम सफल भएको थियो ।

युनेस्को विश्व सम्मेलनको अन्त्यमा, युनेस्को सदस्य राष्ट्रहरूले तयार पारेको "दिगो विकासको लागि शिक्षामा आइची-नागोया घोषणापत्र" ले "दिगो विकासको लागि शिक्षा" का सवालहरूलाई सन् २०१५ पश्चात पनि निरन्तरता दिने सहमतिका साथ विश्व सम्मेलन समाप्त भएको थियो ।

## विद्यालय व्यवस्थापन सुधारका लागि क्षमता अभिवृद्धि मोडेलको राष्ट्रिय प्रवोधीकरणको सुरूवात !

शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके) र पाठ्यक्रम विकास केन्द्र (पाविके) ले सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयहरूको समन्वय र जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको प्राविधिक सहयोगमा विद्यालयमा आधारित व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमको राष्ट्रिय प्रवोधीकरण अन्तर्गत विद्यालय सुधार योजना तर्जुमा तथा अद्यावधि विषयक क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य-पश्चिमाञ्चल र सुदुर-पश्चिमाञ्चल गरी पाँचै विकास क्षेत्रमा गत २०७१ कार्तिक-मङ्सीर महिनामा सञ्चालन गरेको थियो । क्षेत्रीय प्रशिक्षक प्रशिक्षणपश्चात पृष्ठ ४ मा उल्लेख गरिएअनुसार जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण मङ्सीरदेखि फाल्गुनसम्म सञ्चालन गरिने छ ।

क्षेत्रीय स्तरको प्रशिक्षणमा प्रत्येक जिल्लाबाट २ देखि ३ जना सहभागीहरू सहभागी भएका थिए जसमा सम्बन्धित जिल्लाका सहायक जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शैक्षिक तालिम केन्द्रका प्रशिक्षकहरू रहेका छन् । ४ दिनको उक्त प्रशिक्षणमा सहभागीहरूको सक्रिय सहभागिता रहेको थियो । विगतमा केन्द्रीय स्तरमा प्रशिक्षक प्रशिक्षणमा सहभागी भइसक्नु भएका शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा शैजविकेका अधिकृतहरूले क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षणमा सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशकज्यूहरूले आ-आफ्ना सिकाइ र अनुभव बाँड्नुका साथै जिल्ला स्तरमा सञ्चालन गरिने कार्यशालाहरूमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

## मध्यमाञ्चलमा क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण सम्पन्न

*- श्री कृष्णप्रसाद काप्री, क्षेत्रीय शिक्षा निर्देशक,*
*श्री बालकृष्ण चापागाईं, उपनिर्देशक*


*सामुहिक अभ्यास गर्दै सहभागीहरू*

मध्यमाञ्चल विकास क्षेत्रमा चार दिने क्षेत्रीय प्रशिक्षक प्रशिक्षण गत कार्तिक २०-२३ मा सञ्चालन गरिएको थियो । यस प्रशिक्षणमा जिल्लास्तरीय प्रशिक्षकहरू सहभागी भएका थिए, जसले प्रशिक्षण पश्चात आ-आफ्ना जिल्लामा जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्नु पर्नेछ । उक्त प्रशिक्षणमा रसुवा र धादिङ जिल्लाबाहेक अन्य जिल्लाहरूबाट दुई जनाको सहभागिता रहेको थियो । सहभागीहरूको स्तर फरक भएता पनि आपसी छलफल र अन्तरक्रियात्मक प्रक्रियाबाट प्रशिक्षणका सत्रहरू सहजीकरण गरिएकाले, प्रशिक्षण अत्यन्त रोचक र प्रभावकारी रहेको थियो ।

विगत १४ वर्ष देखि नै विद्यालय सुधार योजना कार्यान्वयनमा आइरहेको सन्दर्भमा, यस प्रशिक्षणलाई विसुयोको पुनर्ताजगीको रूपमा लिई गाउँ र जिल्ला तहमा तर्जुमा गरिएका अन्य शिक्षा योजनाहरूसँग पनि अन्तरसम्बन्धित गरी समीक्षा गरिएको थियो । यस प्रशिक्षणमा विद्यालयका वास्तविक सरोकारवालाहरूको सक्रिय सहभागितामा विसुयो निर्माण गर्नु पर्ने तथ्यमा जोड दिइएको थियो । प्रशिक्षणमा योजना तर्जुमा प्रकिया तथा प्रशिक्षणका वेला उठान भएका सवालहरूलाई सम्बोधन गर्ने विषयमा विशेष जोड दिइएको थियो ।

प्रशिक्षणका क्रममा विद्यालयका तथ्याङ्क र सूचनाहरूको विश्लेषण गरिएको थियो जसबाट विद्यालयका सवाल र आवश्यकताका विषयहरूमा समान बुझाई कायम भएको थियो । यसका साथै प्रशिक्षणका बेला विद्यालय भ्रमण गरिएको थियो र विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, शिक्षक प्रतिनिधिहरूसँग गरिएको छलफलका आधारमा मस्यौदा विसुयो निर्माण गरिएको थियो । प्रशिक्षणमा सहभागीहरूको सक्रिय सहभागिताले विभिन्न सूचक तथा तालिकाहरूमा सुधारका लागि आवश्यक पृष्ठपोषण समेत प्राप्त भएको थियो ।
यस प्रशिक्षण पश्चात सहभागीहरूले विसुयो तयार गर्न आवश्यक ज्ञान, सिप अभिवृद्धि गर्नुका साथै आफैले विसुयो तयार गर्न सक्षम भएका छन । प्रशिक्षणपश्चात सहभागीहरू जिल्ला स्तरमा कार्यक्रम सञ्चालन गर्ने सक्षम भएका छन् । सम्बन्धित जिल्लाहरूमा सञ्चालन गरिने जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणको क्षेत्रीय शिक्षा निर्देशनालयले अनुगमन गर्ने र सफल कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने योजना रहेको छ ।

## पूर्वाञ्चलमा क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण सम्पन्न

*- डा. तुलसीप्रसाद थपलिया, क्षेत्रीय शिक्षा निर्देशक*


*तालिममा सहजीकरण गर्नुहुँदै डा. तुलसीप्रसाद थपलिया*

यो विश्वास गरिन्छ कि विद्यालयले विद्यार्थीको जीवनमा ठुलो परिर्वतन ल्याउन सक्छ । विद्यार्थीहरू विद्यालयमा भर्ना हुनासाथ तिनीहरूको जीवनमा थुप्रै सम्भावनाहरूको यकिन गर्न सकिन्छ । तसर्थ, शैक्षिक व्यवस्थापनको प्रमुख सवाल भनेकै गुणस्तरीय शिक्षासहितको विद्यालय सञ्चालन हो ।

प्रत्येक विद्यालय, आ-आफ्नो क्षेत्रमा विद्यालय सुधार योजना (विसुयो) को माध्यमबाट शिक्षाको पहुँच र गुणस्तरीय विकासमा निरन्तर लागि परिरहेका छन् । विद्यालय रूपान्तरणका लागि विद्यालय सुधार योजना तयारीको रणनीतिक प्रकिया अनुसरण गर्न अति आवश्यक छ । परिणामस्वरूप रणनीतिक विद्यालय सुधार योजना दस्तावेज तयार हुन्छ तर विसुयो निर्माणको प्रकियालाई अन्तिम दस्तावेज भन्दा पनि वढी महत्वपूर्ण मानिन्छ ।

विद्यालय आफैले सुधारका पहल गर्नु पर्दछ । कहिलेकाहीँ यसको लागि विद्यालयको नेतृत्वमा रहेका व्यक्तिहरूले अभिभावकहरूको माग, चाहना, विद्यालयको प्रगति मूल्याङ्कन तथा अन्य विद्यालयसँगको प्रतिस्पर्धाको आधारमा आवश्यक सुधार कार्यक्रम पहल गर्दछन् । सुधार र परिवर्तनका पहलहरू जुनसुकै परिस्थिति वा सन्दर्भमा पनि विद्यालयकै हुन्छ भन्ने मान्यता रहेको छ ।

विद्यालय सुधार योजना निर्माण प्रकिया र सफल कार्यान्वयनमा क्षमता अभिवृद्धि एक जटिल कार्य हो । त्यसैले यही कुरालाई मध्यनजर गर्दै विसुयो निर्माण र अद्यावधि प्रकियामा जिल्लास्तरीय प्रशिक्षकहरूको क्षमताको अभिवृद्धि गर्न ४ दिने प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो । उक्त प्रशिक्षणका मुख्य विशेषताहरू यस प्रकार रहेका छन:

- विद्यालयको वास्तविक अवस्थाको विश्लेषणदेखि असल विद्यालयको परिकल्पना सम्मको तार्किक क्रमवद्धता र विद्यालयस्तरीय कार्यशाला सहजीकरणका लागि आवश्यक व्यवहारीक अभ्यास

- प्रयोगात्मक विधी र तालिकाहरूको प्रयोग, रणनीतिक कार्यक्रम निर्माण
- सक्रिय सहभागिता र छलफलबाट सहभागीहरूको विगतका अनुभवहरूको प्रयोग ।

अन्त्यमा, सहभागीहरूले जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणको समय तालिका तयार गरी क्षेत्रीय शिक्षा निर्देशनालय र सिसम–२ लाई उपलब्ध गराएका थिए । जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणको सफलताको लागि क्षेत्रीय शिक्षा निर्देशनालयले अनुगमन तथा आवश्यक सहयोग गर्ने योजना रहेको छ ।

## पश्चिमाञ्चलमा क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण सम्पन्न

*- श्री खेमराज पौडेल, उपनिर्देशक तथा श्री बसुन्धरा थापा, शाखा अधिकृत*

गत कार्तिक २६ देखि २९ गते सम्म चार दिन विद्यालय सुधार योजना निर्माण तथा अद्यावधि सम्बन्धी क्षेत्रीय प्रशिक्षक प्रशिक्षण क्षे.शि.नि. पोखराको हलमा सञ्चालन भएको थियो । उक्त कार्यक्रममा पश्चिमाञ्चल विकास क्षेत्रका जिल्लाका ३० जना र शैक्षिक तालिम केन्द्र, तनहुँ र रूपन्देहीका रोष्टर प्रशिक्षक २ जना, क्षेत्रीय शिक्षा निर्देशनालयका उपनिर्देशक र शाखा अधिकृतसमेत गरी जम्मा ३४ जनाको सहभागिता रहेको थियो ।



*विद्यालयको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै प्रधानाध्यापक*

पहिलो दुई दिन विद्यालय सुधार योजना सम्बन्धी विषयवस्तुको प्रस्तुतीकरण, अनुभव आदानप्रदान, छलफल र समूह कार्यमार्फत विषयवस्तुमा केन्द्रित हुने गरी प्रशिक्षण सञ्चालन भएको र तेस्रो दिन सबै सहभागीहरूलाई कास्की जिल्लाका विभिन्न तिन ओटा विद्यालयको भ्रमण गराई विद्यालयको अवस्था अवलोकन, हाजिरी विश्लेषण, विद्यालयको स्व-मूल्याङ्कन तथा सरोकारवालाको सहभागितामा कार्यक्रमको प्राथमिकीकरणसमेत गरी योजना निर्माणको अभ्यास गराइएको थियो भने अन्तिम दिन समूह प्रस्तुती र जिल्लास्तरको कार्यक्रमको योजना तयार गरी सोही अनुसार जिल्लास्तरीय प्रशिक्षण सञ्चालन गर्ने प्रतिवद्धताका साथ कार्यक्रम सम्पन्न भएको थियो ।

<u>उपलब्धि</u>

- उक्त कार्यक्रमबाट यस क्षेत्रको सबै निकायको प्रतिनिधित्व हुने र यस प्रशिक्षक प्रशिक्षण व्यवहारिक  र यर्थाथपरक भएको ।
- विद्यालय सुधार योजनालाई गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनामा जोड्न सकिने खालको कार्यक्रम रहेको महसुस भएको ।
- बालमैत्री विद्यालयको अवधारणा सम्बन्धी सूचक र विद्यालयको न्यूनतम सक्षमताको अवस्थालाई समेत ख्याल गरी विद्यालय सुधार योजना तयार हुने अवस्था रहेको ।
- सरल र सहज खाकामा अभ्यास गराइएको जसबाट विद्यालयहरूले सहज रूपमा अभ्यास गर्न सक्ने अवस्था तर विद्यालयको मौलिकता कायम नहुन सक्छ ।

## मध्य-पश्चिमाञ्चलमा क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण

*- श्री सूर्य किरण भण्डारी, उपनिर्देशक*

मध्य-पश्चिमाञ्चलको सुर्खेतमा यही ७-१० मङ्सीरमा सञ्चालन भएको प्रशिक्षक प्रशिक्षणमा १५ जिल्लाका ३१ जनाको सहभागिता रहेको थियो । यस ४ दिनको प्रशिक्षणमा विद्यालयको वर्तमान अवस्था विश्लेषण गरी विसुयो तर्जुमा र अद्यावधिकका चुनौती र समाधानका उपायहरूमा केन्द्रित गरिएको थियो । यसबाहेक प्रशिक्षणका सहभागीहरूलाई विद्यालयका तथ्याङ्क प्रस्तुती र विश्लेषणमा क्षमता अभिवृद्धि गर्न विसुयो निर्माण सहयोगी पुस्तिकाको विषयवस्तुमा व्यापक छलफल गरिएको थियो ।

सहभागीहरूले यस प्रशिक्षणको समयमा विद्यार्थीहरूको हाजिरी विश्लेषण, सिकाइ उपलब्धि, विद्यालको स्व-मूल्याङ्कन विधिका विषयहरूमा आवश्यक ज्ञान र व्यवहारिक सिप पनि हासिल गरेका थिए । एक दिनको विद्यालय भ्रमणको समयमा सरोकारवालाहरूसँग विद्यालय सुधारका विषयमा भएको छलफल र अन्तरक्रियाले यस प्रशिक्षण ज्यादै यथार्थपरक र व्यवहारिक भएको महसुस गरियो । क्षेत्रीय शिक्षा निर्देशनालयको संयोजकत्वमा सञ्चालित यस प्रशिक्षण निम्नअनुसारको उपलब्धि हासिल गर्न सफल भएको थियो ।



*प्रशिक्षक प्रशिक्षणको तयारी बैठक*

- विसुयो निर्माणका विषयमा सञ्चालित यस तालिम विगतमा भन्दा धेरै व्यवहारिक र उपयोगी थियो ।
- विसुयो निर्माणका सन्दर्भमा आवश्यक जनशक्ति विकासमा सहयोग पुर्‍याएको ।
- विसुयो निर्माणको लागि विद्यालय मै गई यथास्थिति पहिचान र विश्लेषण गरी व्यवहारिक तालिम दिइएको हुँदा यस तालिम ज्यादै अर्थपूर्ण रह्यो ।
- विद्यालयको स्व-मूल्याङ्कन, सूचना र तथ्याङ्कहरूको विश्लेषण, योजना तर्जुमाका विधि र चरणहरू सरल भएको ।
- सहभागीहरूको सक्रिय सहभागिताले विसुयो प्रक्रियामा अपनत्व विकास भएको ।
- क्षेत्रीय शिक्षा निर्देशनालयले जिल्लास्तरीय प्रशिक्षण सञ्चालनमा आवश्यक सहयोग, सुपरिवेक्षण, नियमित अनुगमनका साथै अन्य शैक्षिक गतिविधिहरूमा समन्वय गर्ने प्रतिबद्धता जनाएको ।

विसुयो निर्माणमा सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिता रह्यो भने विद्यालय व्यवस्थापनमा तिनीहरूको जिम्मेवारी र उत्तरदायित्वको आत्मबोध अभिवृद्धि हुने तथ्य नकार्न सकिन्न ।  तसर्थ विसुयो निर्माणमा सिसम मोडल शिक्षा मन्त्रालयको अन्य कार्यक्रमहरूसँग पनि एकीकृत रूपमा सञ्चालन गर्न सकेमा विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थितिमा सुधार, विद्यालय छाड्ने दरमा कमी आई सिकाइ उपलब्धिमा सुधार हुनेछ ।

## सुदुर-पश्चिमाञ्चलमा क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण

- *श्री राम हरि दास श्रेष्ठ, क्षेत्रीय शिक्षा निर्देशक*

विद्यालय सुधार योजना आ.व. ०५८/५९ देखि नै नेपालका सम्पूर्ण सामुदायिक विद्यालयमा लागु गरिएको थियो । विसुयो निर्माण र अद्यावधि एक निरन्तर प्रकिया हो जसको समयअनुसार परिमार्जन गरि रहनु पर्दछ । यसले विद्यालयको समग्र विकास र सुधारका लागि थप विषयमा समसामयिक रूपमा सुधार हुनु पर्ने कुरा विगतका अनुभव र कार्यक्रमले ईङ्गित गरेको छ ।



*विद्यालय स्तरीय कार्यशालामा प्रस्तुत तथ्याङ्कमा छलफल गर्दै विद्यार्थीहरू*

जिल्ला शिक्षा कार्यालय र तालिम केन्द्रमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि गत ७-१० मङ्सीरमा क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो । उक्त प्रशिक्षणले सहभागिहरूलाई आ-आफ्ना जिल्लामा सञ्चालन गरिने विसुयो निर्माण र अद्यावधि गर्नमा सक्षम बनाउने छ साथै उनीहरूमा अपनत्वको भावना जगाई यसलाई आत्मसात गर्नमा पनि सघाउने छ । यस प्रशिक्षणमा सरोकारवालाहरूको समेत प्रत्यक्ष सहभागिता सहित आवश्यक छलफल भएको हुँदा अति महत्वपूर्ण, व्यवहारिक र समयसापेक्ष रहेको महसुस गरियो ।

यस किसिमको क्षमता अभिवृद्धि कार्यक्रमले विद्यालयको सुधार योजना निर्माण तथा कार्यान्वयनमा सहजता, दक्षता, क्षमता लगायत अपनत्वलाई आत्मसात गर्न प्रेरणा मिलेको छ । यस प्रशिक्षणमा निर्माण गरिएको समयतालिका अनुसार विसुयोलाई जिल्लादेखि विद्यालय स्तरसम्म प्रभावकारी रूपमा निर्धारित समयसिमाभित्र नै सम्पन्न गरिने छ ।

## जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण

सिसम परियोजनाको पहिलो चरण र सिसम-२ को पहिलो वर्षमा यस्तै खालका कार्यक्रम सञ्चालन गरिसकेको धादिङ, रसुवा, रूपन्देही, डोटी, जुम्ला र सोलुखुम्बु बाहेकका ६९ जिल्लाहरूमा यस आ.व.मा विद्यालय सुधार योजना तर्जुमा तथा अद्यावधि सम्बन्धी क्षमता अभिवृद्धिका लागि जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिने छ ।

जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालनका लागि मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका ३० जिल्लाहरूमा सिसम-२ परियोजनाले र बाँकी ३९ जिल्लाहरूमा शिक्षा विभागले समन्वय गर्नेछ । क्षेत्रीय प्रशिक्षक प्रशिक्षणपश्चात केही जिल्लाहरूमा जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सुरू भइसकेको छ ।

सिसम-२ ले जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्नु भन्दा अगावै सोका लागि आवश्यक तालिम सामग्रीहरू; विसुयो निर्माण सहयोगी पुस्तिका, विद्यालय स्तरीय कार्यशाला सञ्चालन सहयोगी पुस्तिका, विद्यालय स्व-मूल्याङ्कन चेकलिष्ट, सन्दर्भ पुस्तिका तथा बालमैत्री विद्यालयको पोष्टर सबै ६९ जिल्लाहरूमा पठाउने छ । उक्त तालिम सामग्रीहरूमा स्रोतकेन्द्रस्तरीय कार्यशाला र विद्यालय स्तरीय कार्यशाला सञ्चालनका लागि आवश्यक पर्ने तालिम सामग्री समेत समावेश गरिएको छ ।

६९ जिल्लाहरूमा सञ्चालन गरिने प्रशिक्षक प्रशिक्षणको समय तालिका यस प्रकार छ :

| मध्यमाञ्चल | मिति | पूर्वाञ्चल | मिति | पश्चिमाञ्चल | मिति | म-पश्चिमाञ्चल | मिति | सु-पश्चिमाञ्चल | मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| महोत्तरी | १६-१८ मङ्सीर | ओखलढुङ्गा | २-४ पुष | कास्की | १३-१५ पुष | प्युठान | १८-२० पुष | दार्चुला | ६-८ पुष |
| काभ्रेपलाञ्चोक | १६-१६ मङ्सीर | धनकुटा | ४-६ पुष | मुस्ताङ | १३-१५ पुष | बाँके | २२-२४ पुष | कैलाली | ६-८ पुष |
| धनुषा | १९-२१ मङ्सीर | भोजपुर | ४-६ पुष | म्याग्दी | १८-२० पुष | दाङ | २५-२७ पुष | बझाङ | ८-१० पुष |
| बारा | २२-२४ मङ्सीर | उदयपुर | ४-६ पुष | स्याङ्जा | १८-२० पुष | दैलेख | ३-५ माघ | बैतडी | ९-११ पुष |
| रौतहट | २३-२५ मङ्सीर | ताप्लेजुङ | ६-८ पुष | बाग्लुङ | २३-२५ पुष | सुर्खेत | ४-६ माघ | डडेलधुरा | ९-११ पुष |
| सर्लाही | २६-२८ मङ्सीर | तेह्थुम | ६-८ पुष | लमजुङ् +मनाङ | २३-२५ पुष | जाजरकोट | ४-६ माघ | कञ्चनपुर | १०-१२ पुष |
| पर्सा | २६-२८ मङ्सीर | खोटाङ | ६-८ पुष | पर्वत | २७-२९ पुष | सल्यान | ८-१० माघ | बाजुरा | १०-१२ पुष |
| चितवन | १-३ पुष | पाँचथर | १५-१७ पुष | गोरखा | २-४ माघ | बर्दिया | ११-१३ माघ | अछाम | १०-१२ पुष |
| काठमाण्डौ | २-४ पुष | इलाम | १५-१७ पुष | पाल्पा | २-४ माघ | कालिकोट | १५-१७ माघ | | |
| सिन्धुली | ३-५ पुष | झापा | १५-१७ पुष | तनहुँ | ७-९ माघ | रूकुम | २१-२३ माघ | | |
| मकवानपुर | ४-६ पुष | मोरङ | २०-२२ पुष | गुल्मी | ७-९ माघ | रोल्पा | २४-२६ माघ | | |
| रामेछाप | ७-९ पुष | संखुवासभा | २२-२४ पुष | नवलपरासी | १२-१४ माघ | डोल्पा | २५-२७ माघ | | |
| दोलखा | ८-१० पुष | सप्तरी | २२-२४ पुष | अर्घाखाँची | १२-१४ माघ | मुगु | २५-२७ माघ | | |
| नुवाकोट | २०-२२ पुष | सुनसरी | २७-२९ पुष | कपिलवस्तु | १७-१९ माघ | हुम्ला | ५-७ फागुन | | |
| सिन्धुपाल्चोक | २४-२६ पुष | सिराहा | २७-२९ पुष | | | | | | |
| ललितपुर | २८-३० पुष | | | | | | | | |
| भक्तपुर | १५-१७ माघ | | | | | | | | |

## आगामी कार्यक्रमहरू (पुष-फागुन २०७१)

| क्र. स. | क्रियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १. | जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण तथा स्रोतकेन्द्रस्तरिय कार्यशाला | मङ्सीर-फागुन २०७१ | ६९ जिल्लाहरूमा |
| २. | छनौट गरिएका ५ वटा तथा अन्य जिल्लाहरूमा संयुक्त अनुगमन | मङ्सीर-फागुन २०७१ | संखुवासभा, भक्तपुर, कपिलवस्तु, कालिकोट, डडेलधुरा र अन्य जिल्लाहरू |